नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(गुणस्तर मापन तथा नियमन शाखा)

: ०१-४२५४७५९
website : www.mohp.gov.np
रामशाहपथ, काठमाडौं, नेपाल

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

प.स. ०७८/०७८
च.नं. ९२१

मितिः २०७८/०३/०८

श्री सार्वजनिक सुचना समन्वय शाखा,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

बिषयः सूचना प्रकाशन गरिदिने सम्बन्धमा ।

प्रस्तुत बिषयमा यसै पत्र साथ् संलग्न "सेवा शुल्क सार्वजनिक गर्ने सम्बन्धमा" विषयक ताकेता पत्र यस मन्त्रालयको Web Site मा प्रकाशित गरिदिनुहुन आदेशानुसार अनुरोध गर्दछु ।

Shanta
०७८/०३/०८
सन्तोष सुबेदी
मेडिकल टेक्नोलोजिस्ट

Scanned with CamScanner

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..................गुणस्तर मापदण्ड तथा नियमन महाशाखा.................शाखा)

फोन नं. ४२६२५९० | ४२६२८०२ | ४२६२७०६ | ४२६२९३५ | ४२६२८६२ | ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :०७७/७८
पत्र संख्या :-
चलानी नं. :- ६२०

मिति : २०७८।०३।०८

**विषय :-** <u>सेवा शुल्क सार्वजनिक गर्ने सम्वन्धमा (ताकेता पत्र)</u>।

श्री सवै अस्पताल तथा स्वास्थ्य संस्थाहरु
(सरकारी, निजी, सहकारी तथा सामुदायिक अस्पताल तथा स्वास्थ्य संस्थाहरु सवै)।

यस मन्त्रालयको मिति २०७८/०२/१८ को <u>"अस्पताल तथा स्वास्थ्य संस्थाहरुले लिने सेवा शुल्क सार्वजनिक गर्ने सम्वन्धि"</u> पत्रको सम्वन्धमा यो ताकेता पत्र लेखिएकोछ ।उक्त निर्देशन वमोजिम कतिपय अस्पताल तथा स्वास्थ्य संस्थाहरुले विरामीवाट लिने सेवा शुल्क सार्वजनिक गरेको भएता पनि धेरै अस्पताल तथा स्वास्थ्यहरुले अझै पनि सेवा शुल्क सम्वन्धि विवरणहरु सार्वजनिक नगरेको तथा अपुरो विवरण सार्वजनिक गरेको पाईएकोले यस विषयमा मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

विरामीको उपचार वापत लाग्ने रकम वारे जानकारी पाउनु प्रत्येक विरामीको अधिकार हो भने विरामीको उपचार शुल्क सार्वजनिक र पारदर्शी गर्नु हरेक अस्पताल तथा स्वास्थ्य संस्थाको कानूनी एवं नैतिक कर्तव्य भएको व्यहोरा पुनः स्मरण गराउँदै ७ (सात) दिन भित्र आफ्नो अस्पताल तथा स्वास्थ्य संस्थावाट प्रवाह हुने सेवाको प्रकार र शीर्षक समेत खुल्ने गरी मूल्य सूची (शुल्क) सम्वन्धित अस्पताल तथा स्वास्थ्य संस्थाको संचालक समिति/वोर्ड/आधिकारिक निकाय वाट निर्णय गराई आ-आफ्नो Web Site मार्फत सार्वजनिक गर्ने, सूचना पाटि वा Display मा सवैले देख्ने गरी राख्ने र सो को जानकारी स्वास्थ्य संस्था संचालन ईजाजतपत्र दिने तथा नवीकरण गर्ने निकाय समक्ष पठाउनु हुन अनुरोध छ ।अन्यथा प्रचलित कानून वमोजिम भई जाने व्यहोरा समेत यसै पत्र मार्फत जानकारी गराईन्छ ।

.................
(डा. मदन कुमार उपाध्याय)
महाशाखा प्रमुख

<u>वोधार्थः</u>

श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ ।
श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१, प्रदेश नं.२, वागमती प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, लुम्वनि प्रदेश र गण्डकी प्रदेश ।
श्री एसोसिएसन अफ प्राइभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपाल, पुतलीसडक, काठमाण्डौं ।
*-आवश्यक सहयोग, समन्वय एवं सहजिकरण गरी दिनु हुन अनुरोध छ ।*
श्री एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन), कुपण्डोल, ललितपुर ।
*-आवश्यक सहयोग, समन्वय एवं सहजिकरण गरी दिनु हुन अनुरोध छ ।*

Scanned with CamScanner